# भैरबी आर्थिक ऐन २०८०

**प्रस्तावना:** भैरबी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भैरबी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भैरबी आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति करः** गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिने छ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यावसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिने छ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकर, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भई संचालनमा हुने अटो रिक्सा, ई रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लागाइने र असूल उपर गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** (१) गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूची (९) बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति आफैले निर्माण गरेका कानुन बमोजिम स्वामित्तव प्राप्त नगरेका ऐलानी वा पर्ति जग्गामा बनेको संरचनाको लागि अनुसूची (९) बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

(३) उपदफा (२) बमोजिम निर्माण भएको संरचनामा कुनै प्रकारको व्यापार व्यवसाय संचालनमा भएको रहेछ भने उपदफा (२) मा उल्लेख भएको बहाल बिटौरी शुल्कका अतिरिक्त अनुसूची (४) मा उल्लेख भएको व्यवसाय करको दर बमोजिम थप वहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ।

__११. पार्किङ्ग शुल्कः__ गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराइए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

__१२. सेवा शुल्क दस्तुरः__ गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूची (११) मा उल्लेख भए बमोजिम सेवा शुल्क दस्तुर लगाइने र असूल उपर गरिने छ।

__१३. पर्यटन शुल्कः__ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको स्थानमा प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ।

__१४. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर शुल्कः__ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची (१३) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

__१५. अन्य शुल्क तथा जरिवानाः__ (१) यस ऐन र प्रचलित कानुन बमोजिमको कर समयमा नबुझाएमा वा गाउँपालिकाको नियम पालना नगरेमा अनुसूची (१४) मा उल्लेख भए बमोजिमको अवधिभित्र कर बुझाउने फर्म वा व्यक्तिलाई सोही अनुसूचीमा उल्लेख भए बमोजिम छुट तथा उचि पुरस्कारको व्यवस्था गरिनेछ।

(२) यस गाउँपालिकाको मातहतमा रहेका साधन तथा श्रोतहरु भाडामा (बहाल) लगाउन सकिने छ। सो को सञ्चालन र भाँडा दर कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

__१६. कर छुटः__ यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई यस ऐनमा उल्लेख भएको बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन।

तर, निम्म बमोजिमको व्यवसाय तथा सिफारीसमा भने छुट दिन बाधा पर्ने छैन।

(१) अपाङ्ग तथा एकल महिलाले कुनै उद्योग व्यवसाय संचालन गर्न लागेमा लाग्ने दस्तुरमा ५०% छुट दिने

(२) सामुदायिक विद्यालयसँग सम्बन्धित सिफारिसमा ६०% छुट दिने।

(३) नेपाल सरकारबाट अनुदानमा सञ्चालित स्वास्थ्य उपचारसँग सम्बन्धित सिफारिसमा लाग्ने दस्तुरमा पुरै छुट दिने।

(४) अपाङ्ग तथा जेष्ठ नागरिकसँग सम्बन्धित सामान्य सिफारिसमा लाग्ने दस्तुरमा पुरै छुट दिने।

(५) कर छुट सम्बन्धि अन्य व्यवस्था अनुसूची (१४) बमोजिम हुनेछ।

__१७. उद्योग तथा व्यवसाय करः__ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले फर्म, मिल, उद्योग तथा कुनै १० लाख सम्मको व्यवसाय सुरु गरेमा अनुसूचि (१५) बमोजिम उद्योग तथा व्यवसाय कर लगाइने र असूल गरिने छ।

__१८. कर तथा सेवा शुल्क दस्तुर संकलन सम्बन्धी कार्यविधिः__ (१) यो ऐनमा भएको बमोजिम कर तथा सेवा शुल्क दस्तुर संकलन सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ।

(२) भौतिक पुर्वाधार आर्थिक तथा सामाजिक विकासका कार्यक्रम संचालन गर्दा गाउँ कार्यपालिकाले कार्यविधि बनाई लागू गर्न सक्नेछ।

__१९. विविधः__ (१) यस ऐनमा उल्लेख भएको भन्दा अन्य प्रकृतिको दस्तुर, शुल्क लिनुपर्ने भएमा भैरबी गाउँ कार्यपालिकाले परिमार्जित गरी दस्तुर तोक्ने तथा परिमार्जन गर्न सक्नेछ।

(२) यो ऐन तथा यस ऐनमा उल्लेख भएका अनुसूचीमा उल्लेख भएको कर, दस्तुरमा अन्यौल भए भैरबी गाउँ कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी प्रष्ट्याउन सक्नेछ।

अनुसूची-१
दफा २ सँग सम्बन्धित
घर कर

| क्र.सं. | घरको किसिम | घर कर रु. |
|---|---|---|
| १ | पक्की ढलान | रु. ५० प्रति कोठा |
| २ | पक्की टीन पत्थर | रु. ३० प्रति कोठा |
| ३ | कच्ची टीन पत्थर | रु. २० प्रति घर |
| ४ | कच्ची फुसको | रु. १५ प्रति घर |

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

अनुसूची-२
दफा ३ सँग सम्बन्धित
भूमि कर (मालपोत)

| क्र.सं. | विवरण | मालपोत दर (प्रति ५०० ब.मि. रु.) |
|---|---|---|
| १ | भैरबी गाउँपालिका वडा नं १ रावतकोट | |
| १.१ | साविक रावतकोट गा.वि.स. ६र ९ हाल भैरबी गा.पा. वडा नं १ का मध्यपहाडी लोक मार्ग खोली बजार देखी पञ्चदेवल विद्यालय सम्मका सडकका दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | २४० |
| १.२ | साविक रावतकोट वडा नं ५,६,७,८ र ९ हाल भैरबी गा.पा. वडा नं १ क्षेत्रमा पर्ने सहायक सडक तथा भित्रि सडकहरुको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | १०० |
| १.३ | क्र.सं. १.१ र १.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं १ मा रहेको सडक सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ |
| २ | भैरबी गाउँपालिका वडा नं २ रावतकोट | |
| २.१ | साविक रावतकोट गा.वि.स. वडा नं १,२,३ र ४ हाल भैरबी गा.पा. वडा नं २ का अन्तर्गत मध्यपहाडी लोक मार्ग सडकको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | २४० |
| २.२ | साविक रावतकोट वडा नं १,२,३ र ४ हाल भैरबी गा.पा. वडा नं २ क्षेत्रमा पर्ने सहायक सडक तथा भित्रि सडकहरुको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | १०० |
| २.३ | क्र.सं. २.१ र २.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं २ मा रहेको सडक सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ |
| ३ | भैरबी गाउँपालिका वडा नं ३ चगत्रा | |
| ३.१ | साविक बडलम्जि गा.वि.स. वडा नं ७ शहिदगेट देखि वडा नं १ चगत्रा बजार आसपास तथा चगत्रा बजार देखि डाँडिमाडि बजार सम्म साविक वडा नं ३ र ५ सडकको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | २४० |
| ३.२ | साविक बडलम्जी गा.वि.स. भित्र सहायक सडक तथा भित्रि सडकहरुको दाँया बायाँ किनारामा पर्ने जग्गाहरुको भूमिकर | १५० |
| ३.३ | क्र.सं. ३.१ र ३.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं ३ मा रहेको सडक सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ |
| ४ | भैरबी गाउँपालिका वडा नं ४ सिलंगी | |
| ४.१ | साविक भैरीकालिकाथुम डाँडीमाडि बजार देखि सिलङ्गि बजार क्षेत्र तथा | २४० |

| | | |
|---|---|---|
| | कालगौडा क्षेत्रमा पर्ने उत्तर दक्षिण सडकका किनाराका जग्गाहरुको भुमिकर | |
| ४.२ | साविक भैरीकालिकाथुम गा.वि.स. भित्र सहायक सडकहरुको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | १२५ |
| ४.३ | क्र.सं. ४.१ र ४.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं ४ मा रहेको सडक/गोरेटो बाटो सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ |
| ५ | भैरवी गाउँपालिका वडा नं ५ डाँडिमाडि | |
| ५.१ | साविक भैरीकालिकाथुम गा.वि.स. डाँडीमाडि बजार देखि सिलङ्गि बजार क्षेत्र तथा कालगौडा क्षेत्रमा पर्ने उत्तर दक्षिण सडक किनारामा पर्ने जग्गाहरुको भुमिकर | २४० |
| ५.२ | साविक भैरीकालिकाथुम गा.वि.स. भित्र सहायक सडक तथा भित्रि सक्षकहरुको दायाँ बायाँ पर्ने जग्गाहरुको भूमिकर | १२५ |
| ५.३ | क्र.सं. ५.१ र ५.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं ५ मा रहेको सडक/गोरेटो बाटो सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ |
| ६ | भैरवी गाउँपालिका वडा नं ६ कुसापानी | |
| ६.१ | साविक कुसापानी गा.बि.स. हाल भैरबी गाउँपालिका वडा नं ६ सोल्टिमोड देखि खम्बागाडे बजार क्षेत्रमा पर्ने उत्तर दक्षिण सडकका किनाराका जग्गाहरुको भुमिकर | १९० |
| ६.२ | साविक कुसापानी गा.वि.स. भित्र सहायक सडकहरुको दायाँ बाँया किनारामा पर्ने जग्गाहरुको भूमिकर | ९० |
| ६.३ | क्र.सं. ६.१ र ६.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं ६ मा रहेको सडक/गोरेटो बाटो सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ |
| ७ | भैरवी गाउँपालिका वडा नं ७ कुसापानी | |
| ७.१ | साविक कुसापानी गा.वि.स. गाबुगौडा देखि पानीपोखरा हुँदै ढुङ्गाउठाउने सम्म क्षेत्रका उत्तर दक्षिण सडक किनारामा पर्ने जग्गाहरुको भुमिकर | ८० |
| ७.२ | साविक कुसापानी गा.वि.स. भित्र सहायक सडक तथा भित्रि सक्षकहरुको दायाँ बायाँ पर्ने जग्गाहरुको भूमिकर | ६० |
| ७.३ | क्र.सं. ७.१ र ७.२ मा उल्लेख भए बाहेकको भैरबी गा.पा. वडा नं ७ मा रहेको सडक/गोरेटो बाटो सँग नजोडिएका सम्पुर्ण जग्गाहरुको भूमिकर | १५ |

## अनुसूची-३

### दफा ४ सँग सम्बन्धित

### घर जग्गा बहाल कर

| क्र.सं. | विवरण | बहाल कर रु. |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहाल दिएकोमा बहालकर | बहाल रकमहो १० प्रतिशत |

अनुसूची-४

दफा ५ सँग सम्बन्धित

व्यवसाय कर

| क्र.सं. | विवरण | व्यवसाय कर रु. |
|---|---|---|
| १ | होटल/लज/रेष्टुरेन्ट/खाजा/नास्ता पसल/मिठाई पसल | |
| १.१ | सामान्य चिया नास्ता पसल | रु. ५०० |
| १.२ | होटल/लज/रेष्टुरेन्ट/खाजा/नास्ता पसल/मिठाई पसल | रु. १००० |
| २ | उद्योग व्यवसाय | |
| २.१ | काठ चिर्ने बेच्ने समिल/प्लाईउड उद्योग | रु. ८०० |
| २.२ | सिस्नो प्रशोधन उद्योग | रु. ३०० |
| २.३ | छाला जुत्ता उद्योग | रु. ३०० |
| २.४ | जडिबुटि प्रशोधन उद्योग | रु. ३०० |
| २.५ | दुध डेरी तथा छुर्पी उद्योग | रु. ३०० |
| २.६ | आधुनिक सेलर राईस प्लान्ट राखि चामल, दमल, पिठो पिसानी र पेलानी समेत भएको जुनसुकै मिल | रु. ५०० |
| ३ | माछा मासु तथा अण्डा बिक्रेता | |
| ३.१ | खसी/कुखुरा/बंगुर/सुङ्गुर/राँगा/माछा आदिको बिक्रेता अण्डा समेत | रु. ४०० |
| ४ | फलफुल तथा तरकारी पसल | |
| ४.१ | फलफुल तथा तरकारीको थोक बिक्रेता | रु. ५०० |
| ४.२ | फलफुल तथा तरकारीको खुद्रा बिक्रेता | रु. २५० |
| ५ | सुन चाँदी पसल | |
| ५.१ | सुन चाँदी लगायतका बहुमुल्य गहना बिक्रेता | रु. ३००० |
| ५.२ | सुन चाँदी गर गहना मर्मत पसल | रु. १००० |
| ६ | औषधी उपचार जन्य/पशुपंक्षी आहार पसल | |
| ६.१ | औषधीको खुद्रा बिक्रेता ५ लाख सम्म | रु. ५०० |
| ६.२ | औषधीको खुद्रा बिक्रेता ५ लाख देखि १० लाख सम्म | रु. ७५० |
| ६.३ | औषधीको खुद्रा बिक्रेता १० लाख भन्दा माथि | रु. १००० |
| ६.४ | डेन्टल क्लिनिक | रु. १००० |
| ६.५ | सामान्य एग्रोभेट पसल | रु. ५०० |
| ६.६ | ल्याब सहितको मेडिकल हल | रु. १५०० |
| ६.७ | आँखा जाँच सहितको पसल | रु. ५०० |
| ६.८ | पशुपन्छिको दानाको खुद्रा बिक्रेता | रु. ५०० |
| ७ | ईन्स्टिच्युट/प्रतिष्ठान/तालिम केन्द्र | |

भैरवी गाउँपालिका भैरीकालिकाथुम, दैलेख, कर्णाली, नेपाल

| | | |
|---|---|---|
| ७.१ | फोटोकपी तथा ईमेल ईन्टरनेट पसल | रु. २५० |
| ७.२ | ईन्स्टिच्युट/ट्युसन सेन्टर | रु. ५०० |
| ७.३ | पुस्तक पसल तथा स्टेशनरी पसल | रु. २०० |
| ७.४ | कक्षा १ सम्म संचालन | रु. ५०० |
| ७.५ | कक्षा २ देखि ३ सम्म संचालन | रु. १००० |
| ७.६ | कक्षा ४ देखि ५ सम्म संचालन | रु. १५०० |
| ७.७ | कक्षा ६ देखि ८ सम्म संचालन | रु. २००० |
| ७.८ | कक्षा ९ देखि १० सम्म संचालन | रु. २५०० |
| ७.९ | निजि विद्यालयहरुको हकमा | रु. १५०० |
| ८ | मदिराजन्य तथा सुर्तीजन्य पसल | |
| ८.१ | मदिराजन्य पदार्थको खुद्रा बिक्रेता | रु. १५०० |
| ८.२ | पान तथा सुर्तीजन्य पसल | रु. ८०० |
| ९ | सिलाई/टेलरिङ्ग तथा कपडा धुलाई | |
| ९.१ | सामान्य सिलाई कटाई पसल | रु. ३०० |
| १० | सैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल | |
| १०.१ | सामान्य सैलुन/व्युटीपार्लर/कस्मेटिक खुद्रा पसल | रु. ३०० |
| ११ | ईलेक्ट्रोनिक/हार्डवेयर/मोबाइल पसल/ भाँडा पसल/कपडा पसल | |
| ११.१ | मोबाइल तथा ईलेक्ट्रोनिक खुद्रा पसल | रु. ५०० |
| ११.२ | ५ लाखसम्मको बिजुली पसल | रु. १००० |
| ११.३ | ५ लाख देखि १० लाखसम्मको बिजुली पसल | रु. १५०० |
| ११.४ | १० लाख देखि माथिको हकमा बिजुली पसल | रु. २००० |
| ११.५ | १ लाख देखि २ लाख ५० हजार सम्मको कपडा पसल | रु. २५० |
| ११.६ | २ लाख ५० हजार देखि ५ लाख सम्मको कपडा पसल | रु. ३५० |
| ११.७ | ५ लाख देखि १० लाख सम्मको कपडा पसल | रु. ५०० |
| ११.८ | १० लाख देखि माथिको हकमा कपडा पसल | रु. १००० |
| ११.९ | १ लाख देखि २ लाख ५० हजार सम्मको भाँडा पसल | रु. ३०० |
| ११.१० | २ लाख ५० हजार देखि ५ लाख सम्मको भाँडा पसल | रु. ५०० |
| ११.११ | ५ लाख देखि १० लाख सम्मको भाँडा पसल | रु. ७५० |
| ११.१२ | १० लाख देखि माथिको हकमा भाँडा पसल | रु. १००० |
| | नोटः माथि उल्लेखितमध्ये ईलेक्ट्रोनिक, बिजुली, भाँडा पसलमा मर्मत केन्द्र जोडिएको लाई थप | रु. २०० |
| १२ | निर्माण व्यवसायी/यातायात व्यवसायी/ढुवानी तथा ट्रान्पोर्ट व्यवसायी | |
| १२.१ | क वर्गको प्रधान  कार्यालय भएको निर्माण व्यवसायी | ३०००० |
| १२.२ | ख वर्गको प्रधान कार्यालय भएको निमार्ण व्यवसायी | २०००० |

| | | |
|---|---|---|
| १२.३ | ग वर्गको प्रधान कार्यालय भएको निमार्ण व्यवसायी | १५००० |
| १२.४ | घ वर्गको प्रधान कार्यालय भएको निमार्ण व्यवसायी | १०००० |
| १२.५ | क वर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | २२००० |
| १२.६ | ख वर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | १५००० |
| १२.७ | ग वर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | १०८०० |
| १२.८ | घ वर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | २५०० |
| १२.९ | प्रधान कार्यालय भएको यातायात व्यवसायी | २००० |
| १२.१० | शाखा कार्यालय भएको यातायात व्यवसायी | १५०० |
| १२.११ | साना जीप टेम्पो अटोको स्थानीय कार्यालय भएको व्यवसायी | १००० |
| १२.१२ | घ वर्गको निर्माण व्यवसाय दर्ता दस्तुर | २५००० |
| १२.१३ | घ वर्गको निर्माण व्यवसाय नवीकरण दस्तुर | १०००० |
| १२.१४ | घ वर्ग निर्माण व्यवसाय नामसारी | १००० |
| १२.१५ | घ वर्ग निर्माण व्यवसाय ठाँउसारी | १००० |
| १२.१६ | घ वर्ग निर्माण व्यवसाय खारेजी | १००० |
| १२.१७ | घ वर्गको निर्माण व्यवसाय नवीकरण विलम्व दस्तुर (कार्तिक देखि असारसम्म प्रति महिना | २०० |
| १३ | सेवा तथा परामर्श सम्बन्धी | |
| १३.१ | सामान्य लेखापढी व्यवसाय | ८०० |
| १३.२ | क श्रेणीको लेखापरिक्षण व्यवसाय | ३५०० |
| १३.३ | ख श्रेणीको लेखापरिक्षण व्यवसाय | १५०० |
| १३.४ | ग र घ श्रेणीको लेखापरिक्षण व्यवसाय | १००० |
| १३.५ | कन्सलटेन्सी/ईन्जिनियर/प्रविधिक सेवा व्यवसाय | ७५०० |
| १३.६ | टेन्ट हाउस तथा सिस्टम र डिजे भएको पसल | ३५०० |
| १३.७ | माईक/बिजुली डेकोरेसान/बैण्ड बाजा पसल | १८०० |
| १३.८ | सटरिङ तथा फर्मा | ८०० |
| १४ | बैङ्क तथा वित्तीय संघ संस्था/गैरसरकारी संस्था | |
| १४.१ | बाणिज्य बैङ्क क वर्ग | ५००० |
| १४.२ | विकास बैङ्क ख वर्ग | ४००० |
| १४.३ | वित्त तथा फाईनान्स कम्पनी ग वर्ग | ३००० |
| १४.४ | लघुवित्त कम्पनी घ वर्ग | २००० |
| १४.५ | गाउँपालिका कार्य क्षेत्र भएको सहकारी संस्था | १००० |
| १४.६ | विदेशी मुद्रा सटही काउन्टर तथा मनिट्रान्सफर/IME | १००० |
| १४.७ | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ३००० |
| १४.८ | राष्ट्रिय गैरसरकारी संस्था | १५०० |

| | | |
|---|---|---|
| १४.९ | एफ.एम. रेडियो | ५०० |
| १५ | जुत्ता/चप्पल/कपडा तथा फेन्सी पसल | |
| १५.१ | जुत्ता चप्पलको खुद्रा बिक्रेता/फेन्सी खुद्रा बिक्रेता/ थान कपडा खुद्रा बिक्रेता | ५०० |
| १६ | सवारी साधन/सवारी साधनको पार्टस्/मेसिनरी सामान बिक्री तथा मर्मत | |
| १६.१ | हेभी गाडी तथा मेसिनरी मर्मत | १५०० |
| १६.२ | लाईट मर्मत तथा अन्य सवारी साधन सर्भिसिङ तथा मर्मत | १००० |
| १६.३ | मोटरसाईकल मर्मत पसल | १००० |
| १७ | पेट्रोलियम पदार्थ/स्टेसनरी तथा पुस्तक/खाद्यान्न तथा अन्य पसल व्यवसाय | |
| १७.१ | कोल्ड ड्रिङ्सको खुद्रा बिक्रेता | ७५० |
| १७.२ | पेट्रोल बेच्नको लागि फुटकर बिक्रेता | २००० |
| १७.३ | स्टेशनरी तथा पुस्तकको खुद्रा बिक्रेता | २०० |
| १७.४ | स्टेशनरी तथा पुस्तकको खुद्रा बिक्रेता/ घ्यू तथा तेलजन्य पदार्थ सप्लायर्स/अन्य खुद्रा किराना पसल | १५०० |
| १७.५ | खाद्यान्न पदार्थ/ अन्य किराना पसल तथा खुद्रा किराना पसल | ५०० |
| १७.६ | घुम्ती पसल | २५० |
| १८ | छापाखाना/अफसेट/प्रिन्टिङ प्रेस/कलर ल्याब/फोटो स्टुडियो | |
| १८.१ | फोटो स्टुडियो | २५० |
| १९ | ग्यारेज सर्भिसिङ्ग सेन्टर | |
| १९.१ | ठूला सवारी साधन ग्यारेज सर्भिसिङ्ग पसल र खुद्रा विक्रेता | २००० |
| २० | विभिन्न फर्महरु/व्यवसायहरु | |
| २०.१ | बाख्रा फर्म | १००० |
| २०.२ | गाईभैंसी फर्म | १००० |
| २०.३ | कुखुरा तथा पशुपन्छी फर्म | १५०० |

अनुसूची-५
दफा ६ सँग सम्बन्धित
जडिबुटी, कबाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | जडिबुटी, कबाडी र जीवजन्तु कर साना व्यवसाय (वार्षिक तीन लाख सम्म कारोबार भएको) | रु. २०० |
| २ | जडिबुटी, कबाडी र जीवजन्तु कर ठूला व्यवसाय (वार्षिक तीन लाख भन्दा बढी कारोबार भएको) | रु. २००० |

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

अनुसूची-६
दफा ७ सँग सम्बन्धित
सवारी साधन कर

| क.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | अटो रिक्सा ई रिक्सा दर्ता दस्तुर | रु. ५०० |
| २ | अटो रिक्सा ई रिक्सा नविकरण दस्तुर | रु. २५० |

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

अनुसूची-७

दफा ८ सँग सम्बन्धित

विज्ञापन कर

| क्र.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | होर्डिङ्ग बोर्ड, फ्लेक्स बोर्ड प्रति वर्ग फिट | रु. ८५ |
| २ | ग्लो साइन बोर्ड, नियोन साइन बोर्ड, विद्युतीय बोर्डहरु प्रति वर्ग फिट | रु. १५० |
| ३ | भित्ते लेखन, सटर पेन्टिङ्ग प्रति वर्ग फिट | रु. १० |
| ४ | स्टल, गेट (चाँडपर्व, मेला महोत्सव) दैनिक | रु. ३५० |
| ५ | वेलुन, व्यानर प्रति हप्ता | रु. ३५० |
| ६ | व्यवसायीक दृष्टिले गाडी बाट माइकिङ्ग गर्दा प्रतिदिन | रु. २०० |
| ७ | व्यवसायीक दृष्टिले रिक्सा टाँगा र टेम्पो बाट माइकिङ्ग गर्दा प्रतिदिन | रु. १०० |
| ८ | मादक पदार्थ एवं धुम्रपानको विज्ञापन गर्दा | २५% थप |
| | नोट: निजि वा सार्वजनिक स्थानमा होर्डिङ्ग बोर्ड राख्दा यस कार्यालयको पूर्व स्वीकृति लिई राखुपर्नेछ। | |

भैरवी गाउँपालिका भैरीकालिकाथुम, दैलेख कर्णाली प्रदेश, नेपाल

## अनुसूची-८
### दफा ९ सँग सम्बन्धित
### मनोरञ्जन कर

| क.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | केबुल नेटवर्क सर्भिस | रु. २००० |
| २ | सर्कस तथा खेल तमासा, रमाईलो मेला/ जात्रा | |
| २.१ | दैनिक (रमाइलो मेला तथा सर्कस/तमासा/जात्रा) | रु. ५०० |

अनुसूची-९

दफा १० सँग सम्बन्धित

बहाल विटौरी कर

| क.सं. | विवरण | कर रकम रु. |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र निर्माण भएको कानून बमोजिम स्वामित्त्व प्राप्त नगरेको ऐलननी वा पर्ति जग्गामा निर्माण भएको संरचनाको प्रति संरचना | |
| १.१ | पक्की ढलान | रु. ५०० |
| १.२ | पक्की टीन/पत्थर | रु. ३०० |
| १.३ | कच्ची टीन/पत्थर/खर | रु. १५० |
| २ | गाउँपालिका क्षेत्रभित्र रहेका कानून बमोजिम स्वामित्त्व प्रप्त नगरेको ऐलानी वा पर्ति जग्गा प्रति रोपनी बहाल विटौरी शुल्क वार्षिक | रु. ५० |
| ३ | गाउँपालिका क्षेत्रभित्र विभिन्न चाडपर्वहरुमा पसल राखे व्यावसायीलाई प्रतिदिन बहाद विटौरी शुल्क | रु. १०० |

अनुसूची-१०

दफा ११ सँग सम्बन्धित

पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | मोटरसाइकल | रु. १० |
| २ | साइकल | रु. ५ |
| ३ | अटो रिक्सा/ ई रिक्सा | रु. १५ |
| ४ | जिप/कार/ट्र्याक्टर | रु. २० |
| ५ | बस/ट्रक | रु. ३० |

अनुसूची-११

दफा १२ सँग सम्बन्धित

सेवा,शुल्क दस्तुर शुल्क

| क्र.सं. | विवरण | सेवा शुल्क रकम रु. |
|---|---|---|
| १ | गाउँपालिकाको मातहत रहेका हलको भाँडा | |
| १.१ | व्यक्तिलाई प्रतिदिन (अग्रिम बुकिङ्ग हुनु पर्ने) | रु. १००० |
| १.२ | संघसंस्थालाई प्रतिदिन (अग्रिम बुकिङ्ग हुनु पर्ने) | रु. १५०० |
| २ | न्यायीक समिति अन्तर्गतको सेवा शुल्क | |
| २.१ | निवेदन पत्र शुल्क | रु. १०० |
| २.२ | प्रति उत्तर पत्र | रु. १०० |
| २.३ | मिलापत्र गराए वापत पक्ष र विपक्ष दुबैबाट मिलापत्र शुल्क (प्रत्येक पक्षबाट अनिवार्य) | रु. ५०० |
| ३ | अन्य सेवा शुल्क एवं सिफारीस दस्तुर | |
| ३.१ | धितो रोक्का सिफारीस वापत | रु.२५० |
| ३.२ | घरबाटो प्रमाणित (खरिद बिक्री प्रयोजन) | रु. ५०० |
| ३.३ | घरबाटो प्रमाणित अन्य प्रयोजन (अंशबण्डा लगायत) | रु. ५०० |
| ३.४ | चलन चल्ती मूल्य सिफारीस (सर्जमिन बाहेक) | रु.१०० |
| ३.५ | नागरिकता सिफारिस (वंशज) | रु.१०० |
| ३.६ | नागरिकता सिफारिस (आङ्गिकृत) | रु. ५०० |
| ३.७ | नागरिकता सिफारिस प्रतिलिपि | रु. २०० |
| ३.८ | नाता प्रमाणित सिफारिस दस्तुर | रु. ३०० |
| ३.९ | नाम थर संशोधन दस्तुर | रु. ५०० |
| ३.१० | जन्म, मृत्यु, बसाइसराइ, विवाह प्रमाणित दस्तुर (पञ्जिकरण सेवा सुरु हुनु पुर्वको हकमा मात्र) | रु. ५०० |
| ३.११ | व्यक्तिगत घटना दर्ता दस्तुर (३५ दिन कटेको खण्डमा) | रु. २०० |
| ३.१२ | व्यक्तिगत घटना दर्ता दस्तुर प्रतिलिपि | रु. ५०० |
| ३.१३ | स्थानीय बसोबास प्रमाणित दस्तुर | रु. २०० |
| ३.१४ | चरित्र प्रमाणपत्र दस्तुर | रु. २५० |
| ३.१५ | विद्युत, टलिफोन जडान सिफारिस दस्तुर | रु. २५० |
| ३.१६ | विद्युत, टलिफोन जडान सिफारिस दस्तुर औद्योगिक प्रायोजन | रु. ५०० |
| ३.१७ | तिन पुस्ते, फोटो टाँस, जीर्ण श्रेष्ता, ज.ध. प्रतिलिपी सिफारिस | रु. २५० |
| ३.१८ | सर्जमीन दस्तुर | रु. १५० |
| ३.१९ | फरक फरक नामथर सिफारिस दस्तुर | रु. ५०० |

| | | |
|---|---|---|
| ३.२० | चार किल्ला प्रमाणित दस्तुर | रु. २५० |
| ३.२१ | पिकनिक स्पट शुल्क | रु. २५० |
| ३.२२ | होमस्टे सञ्चालन गर्ने घरदर्ता सिफारिस | रु. २५० |
| ३.२३ | अविवाहित प्रमाणित (सर्जमिन वाहेक) | रु. ३०० |
| ३.२४ | कागजात नक्कल प्रतिपाना/ फोटो खिचेको प्रतिपाना | रु. ५ |
| ३.२५ | नक्सा प्रतिलिपि प्रति थान | रु. १५० |
| ३.२६ | नक्सा नामसारी दस्तुर | रु. ३०० |
| ३.२७ | नामसारी, ठाउँसारी (व्यापार व्यवसाय) | रु. २५० |
| ३.२८ | नक्सा पास किताब दस्तुर | रु. १००० |
| ३.२९ | अमिन सेवाशुल्क १ रोपनी सम्म | रु. १००० |
| ३.३० | अमिन सेवाशुल्क २ देखि १० रोपनी सम्म | रु.१५०० |
| ३.३१ | अमिन सेवाशुल्क १० रोपनी भन्दा माथि | रु. २५०० |
| ३.३२ | साना घरेलु उद्योग (दालमोठ, बेसार, मसला आदी) दर्ता सिफारीस | रु. ५०० |
| ३.३३ | अन्य उद्योग (मझौला) दर्ता सिफारिस | रु. १००० |
| ३.३४ | अन्य उद्योग (ठूला) दर्ता सिफारिस | रु. ५००० |
| ३.३५ | रुख कटानी सिफारिस प्रति रुख | रु. १५० |
| | नोट : सि.नं. ३.३५ मा उल्लेख भएको सेवा शुल्कको हकमा जमिन सतह देखि ४ फिट ६ ईन्चमा मापन गर्दा गोलाई ३६ ईन्च भन्दा कम भएमा आधा दस्तुर लाग्ने छ। | |
| ३.३६ | व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि | रु. १०० |
| ३.३७ | विविध सिफारीस दस्तुर माथि उल्लेख नभएको हकमा | रु. १५० |
| ३.३८ | कृषि तथा पशुपन्छी समूह दर्ता दस्तुर | रु. २५० |
| ३.३९ | कृषि तथा पशुपन्छी समूह नविकरण दस्तुर | रु. २०० |
| ३.४० | कृषि तथा पशुपन्छी फर्म सिफारिस/ दर्ता दस्तुर/बीमा प्रायोजन | रु. ५०० |
| ३.४१ | पन्छी निर्यात सिफारिस शुल्क प्रति जिउ | रु. १० |
| ३.४२ | पशु निर्यात सिफारिस शुल्क प्रति जिउ साना चौपाया ( भेडा, बाखा, बंगुर, संगुर लगायत साना घरपालुवा पशुहरु पाठा-पाठी बाहेक) | रु. २० |
| ३.४३ | पशु निर्यात सिफारिस शुल्क प्रति जिउ ठूला चौपाया ( गाई भैसी राँगा गोरु घोडा खच्चर लगायतका ठूला पशुपन्छी बाच्छा-बाच्छी बाहेक) | रु. १०० |
| ३.४४ | संस्था दर्ता सिफारिस दस्तुर / दर्ता दस्तुर | रु. १००० |
| ३.४५ | संस्था नविकरण सिफारिस दस्तुर / नविकरण दस्तुर | रु. ५०० |
| ३.४६ | निजिवन दर्ता तथा नविकरण दस्तुर | रु. २००० |
| ३.४७ | **Backhow Loader** गाउँपालिका भित्र इन्धन रहित | रु. १५०० |
| ३.४८ | **Backhow Loader** गाउँपालिका भित्र इन्धन सहित | रु. ३००० |

| | | |
|---|---|---|
| ३.४९ | एम्बुलेन्स न्यूनतम २० किमि | रु. ५००० |
| ३.५० | एम्बुलेन्स २० किमि भन्दा माथि भएको खण्डमा प्रति किमि | रु. ५० |
| ३.५१ | एम्बुलेन्स दस्तुर सुत्केरीको हकमा नि:शुल्क (जिल्ला भित्र) | रु. ० |
| ३.५२ | कृषि तथा पशुपन्छी ऋण सिफारिस | रु. १०० |
| ४ | पशुपन्छी उपचारको लागि नाम दर्ता शुल्क (प्रति जनावर) | |
| ४.१ | पशुपन्छी जातहरु कुखुरा हाँस लगायत | रु. १ |
| ४.२ | भेडा, बाखा, संगुर, बँगुर लगायत | रु. ५ |
| ४.३ | गाई, गोरु, राँगा, भैंसी लगायत | रु. १० |
| ४.४ | कुकुर, बिरालो लगायत | रु. १५ |
| ४.५ | घोडा खच्चर लगायत | रु. २० |
| ५ | पशुपन्छी विकास शाखा तर्फको प्रयोगशाला सेवाशुल्क (प्रति जनावर) | |
| ५.१ | गोबर परिक्षण | रु. १०० |
| ५.२ | थुनेलो परिक्षण | रु. १५० |
| ६ | पशुपन्छी विकास शाखा तर्फको पोष्टमार्टम शुल्क (प्रति जिउ) | |
| ६.१ | पन्छी (कुखुरा, हाँस लगायत) | रु. १०० |
| ६.२ | पशु (भेडा, बाखा, बंगुर, सुंगुर लगायत साना घरपालुवा पशुहरु पाठापाठी बाहेक) | रु. ५०० |
| ६.३ | पशु ( गाई, भैंसी, राँगा, गोरु, घोडा लगायत ठूला पशुपन्छी बाच्छा बाच्छी बाहेक) | रु. १००० |
| ७ | पशुपन्छी विकास शाखाको कृतिम गर्भधान तथा बन्धयाकरण सेवा शुल्क (प्रति जिउ) | |
| ७.१ | कृतिम गर्भधान शुल्क (गाई र भैसी मात्र) | रु. २०० |
| ७.२ | पशु बन्धयाकरण (बोका लगायत साना पशु चौपाया तर्फ) | रु. २० |
| ७.३ | पशु बन्धयाकरण (सुंगुर बंगुर लगायत साना पशु चौपाया तर्फ) | रु. ५० |
| ७.४ | पशु बन्धयाकरण (बहर राँगो लगायत ठूला पशु चौपाया तर्फ) | रु. ५० |
| ८ | घर जग्गा मूल्याङ्कन (विघार्थी प्रयोजन) | |
| ८.१ | पच्चिस लाख सम्म | रु. १००० |
| ८.२ | पचास लाख सम्म | रु. १००० |
| ८.३ | एक करोड सम्म | रु. १००० |
| ८.४ | एक करोड भन्दा माथि | रु. १००० |
| ९ | घर जग्गा मुल्याङ्कन (अन्य प्रायोजन) | |
| ९.१ | पच्चिस लाख सम्म | कुल मुल्याङ्कको अंकले ०.२५ प्रतिशत लाग्नेछ। |
| ९.२ | पचास लाख सम्म | |
| ९.३ | एक करोड सम्म | |

| | | |
|---|---|---|
| ९.४ | एक करोड भन्दा माथि | |
| १० | आयस्रोत प्रमाणित (विद्यार्थि प्रायोजन) | |
| १०.१ | पाँच लाख सम्म | रु. १००० |
| १०.२ | बीस लाख सम्म | रु. १००० |
| १०.३ | पचास लाख सम्म | रु. १००० |
| १०.४ | एक करोड सम्म | रु. १००० |
| १०.५ | एक करोड भन्दा माथि | रु. १००० |
| ११ | आयस्रोत प्रमाणित (अन्य प्रायोजन) | |
| ११.१ | पाँच लाख सम्म | कुल मुल्याङ्कन अंकको ०.३५ प्रतिशत लाग्नेछ। |
| ११.२ | बीस लाख सम्म | |
| ११.३ | पचास लाख सम्म | |
| ११.४ | एक करोड सम्म | |
| ११.५ | एक करोड भन्दा माथि | |
| १२ | घर नक्सा पास दस्तुर तथा अभिलेखिकरण | |
| १२.१ | RCC पक्कि भवन नक्सापास दस्तुर व्यापारिक प्रायोजन प्रति वर्ग फिट | रु. ५ |
| १२.२ | RCC पक्कि भवन नक्सापास दस्तुर अन्य प्रायोजन प्रति वर्ग फिट | रु. ४ |
| १२.३ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर व्यापारिक प्रायोजन प्रति वर्ग फिट | रु. ३ |
| १२.४ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर अन्य प्रायोजन प्रति वर्ग फिट | रु. २ |
| १२.५ | घर अभिलेखिकरण शुल्क बार्षिक पक्कि घर (१ तला सम्म) | रु. १००० |
| १२.६ | घर अभिलेखिकरण शुल्क बार्षिक पक्कि घर (१ तला भन्दा माथि प्रति तला थप) | रु. ५०० |
| १२.७ | घर अभिलेखिंकरण शुल्क वार्षिक अर्धपक्की टिन पत्थर घर | रु. ५०० |
| १२.८ | घर अभिलेखिकरण शुल्क वार्षिक कच्ची घर | रु. २५० |
| १३ | विद्यालय स्वीकृत/कक्षा थप स्वीकृत | |
| १३.१ | पूर्व प्राथमिक विद्यालय स्वीकृत दिए बापत | रु. ५००० |
| १३.२ | एक देखि पाँच कक्षा सम्मको आधारभूत विद्यालय स्वीकृत | रु. १०००० |
| १३.३ | एक देखि आठ कक्षा सम्मको आधारभूत विद्यालय स्वीकृत | रु. १५००० |
| १३.४ | माध्यामिक विद्यालय स्वीकृत | रु. २०००० |
| १३.५ | एक देखि पाँच कक्षा सम्मको आधारभूत विद्यालय कक्षा थप स्वीकृत | रु. १००० |
| १३.६ | एक देखि आँठ कक्षा सम्मको आधारभूत विद्यालय कक्षा थप स्वीकृत | रु. २००० |
| १३.७ | कक्षा थप स्वीकृत माध्यामिक विद्यालय | रु. ३००० |
| १४ | उपभोक्ता सम्झौता सिफारिस तथा भुक्तानी दस्तुर | |
| १४.१ | ५ लाख सम्म | रु. ५०० |
| १४.२ | ५ देखि १० लाख सम्म | रु. १००० |
| १४.३ | १० देखि २५ लाख सम्म | रु. १५०० |

| | | |
|---|---|---|
| १४.४ | २५ देखि ५० लाख सम्म | रु. २००० |
| १४.५ | ५० देखि १ करोड सम्म | रु. २५०० |
| १४.६ | १ करोड भन्दा माथि | रु. ३००० |

## अनुसूची-१२
### दफा १३ सँग सम्बन्धित
### पर्यटन शुल्क

| क्र.सं. | विवरण | शुल्क रु. |
|---|---|---|
| १ | पर्यटन शुल्क (प्रति व्यक्ति) | रु. २० |
| २ | श्रीस्थान मन्दिर प्रवेश शुल्क | रु. २० |

भैरवी गाउँपालिका
श्रीकालिकायुम्, दैलेख
कर्णाली प्रदेश, नेपाल

### अनुसूची-१३
### दफा १४ सँग सम्बन्धित
### ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जि जम्पिङ्ग, जिप फ्लायर् शुल्क

| क्र.सं. | विवरण | शुल्क रु. |
|---|---|---|
| १ | ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जि जम्पिङ्ग, जिप फ्लायर् शुल्क | रु. २० |

अनुसूची-१४

दफा १५ को उपदफा १ र १६ को उपदफा ५ सँग सम्बन्धित

जरिवाना तथा छुट

| क्र.सं. | विवरण | शुल्क रु. |
|---|---|---|
| १ | भूमि तथा मालपोत, सम्पत्ति कर, घर कर र व्यवसायिक कर असुल गर्दा तपसिल बमोजिम छुट तथा जरिवाना दिने | |
| १.१ | आ.व. को पहिलो चौमासिकमा बुझाउन आउने करदाताहरुलाई १० प्रतिशत छुट दिइनेछ। | |
| १.२ | आ.व. को दोश्रो चौमासिकमा बुझाउन आउनेलाई ५ प्रतिशत छुट दिइनेछ। | |
| १.३ | आ.व.को तेश्रो चौमासिकमा बुझाउन आउनेलाई कुनै छुट दिइने छैन। | |
| १.४ | गत वर्षको कर तिर्न बाँकि रहेका करदाताहरुलाई श्रावण महिना देखि कर तिर्न आएमा १० प्रतिशतले जरिवाना लगाईनेछ। | |
| १.५ | तेश्रो वर्ष कर तिर्न आउनेलाई २० प्रतिशतले थप जरिवाना लगाईनेछ। | |
| १.६ | चौथो आ.व. देखि माथि सम्मको नबुझाएकोलाई ३५ प्रतिशत थप जरिवाना लगाइनेछ। | |
| २ | एउटै पसल भित्र मिल्दाजुल्दा सामानहरु राखि व्यवसाय सञ्चालन गरिरहेका व्यवसायिहरुको करको दर कायम गर्दा पसलमा ठूलो परिमाणमा रहेको सामाग्रीलाई आधार मानि एउटै करको दर कायम गरिने छ तर आधिकारीक डिलर लिई व्यवसाय सञ्चालन गरेको हकमा भने डिलरको आधारमा अलग कर बुझाउनु पर्ने छ। | |
| ३ | पशु चौपाया छाडा छोडेर वा निर्माण सामाग्री सडकमा राखेर सडक अवरोध गरेमा | |
| ३.१ | सडक छेउमा निर्माण सामाग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाया वाधी सडक अवरोध गरेमा पहिलो पटकलाई | रु.५०० |
| ३.२ | सडक छेउमा निर्माण सामाग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाया वाधी सडक अवरोध गरेमा दोस्रो पटकलाई | रु.१००० |
| ३.३ | सडक छेउमा निर्माण सामाग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाया वाधी सडक अवरोध गरेमा तेस्रो पटक वा सो भन्दा बढी | रु.१५०० |
| ४ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेमा | |
| ४.१ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेमा पहिलो पटकलाई | रु.३००० |
| ४.२ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेमा दोस्रो पटकलाई | रु. ५००० |

| | | |
|---|---|---|
| ४.३ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेमा तेस्रो पटक वा सो भन्दा बढी | रु. १०००० |
| ५ | आफ्नो घर, पसल, उद्योग अगाडिको सडक तथा आगन स्वयंम सफा राख्नुपर्नेछ। तोकिएको मापदण्ड विपरित फोहोर गरेको पाईएमा निम्न बमोजिम जरिवाना लगाइनेछ। | |
| ५.१ | पहिलो पटकलाई | रु. २५० |
| ५.२ | दोस्रो पटकलाई | रु. ५०० |
| ५.३ | तेस्रो पटक वा सो भन्दा बढी | रु. १००० |
| ६ | गाउँपालिकाको नियम पालना नगरेमा वा गाउँपालिकाको निर्देशन अटेर गरेमा | रु. |
| ६.१ | पहिलो पटकलाई | रु. ५०० |
| ६.२ | दोस्रो पटकलाई | रु. २५०० |
| ६.३ | तेस्रो पटक वा सो भन्दा बढी | रु. ५००० |
| ७ | नदिजन्य पदार्थ उत्खनन् तथा ओसारपासार सम्बन्धमा | |
| ७.१ | अनुमति विना नदिजन्य पदार्थ उत्खनन गर्ने उद्देश्यले घाटमा प्रवेश गरेमा प्रति सवारी साधन | रु. ३००० |
| ७.२ | अनुमति विना घाटमा प्रवेश गरी नदिजन्य पदार्थ उत्खनन् गरेमा प्रति सवारी साधन | रु. ४२०० |
| ७.३ | तोकिएको स्थानमा बाहेक अन्यत्रबाट नदिजन्य पदार्थ उत्खनन् गरेमा (अनुमति लिएको भए समेत) | रु. ७००० |

भैरी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

## अनुसूची-१५

### दफा १७ सँग सम्बन्धित

### उद्योग तथा व्यवसाय कर

| क्र.सं. | विवरण | शुल्क रु. |
|---|---|---|
| १ | उद्योग तथा व्यवसाय दर्ता तथा ठाँउसारी निवेदन शुल्क | १०० |
| २ | उद्योग तथा व्यवसाय दर्ता | |
| २.१ | ५ लाख सम्मको उद्योग तथा व्यवसाय दर्ता शुल्क | १००० |
| २.२ | ५ लाख देखि १० लाख सम्मको उद्योग तथा व्यवसाय दर्ता शुल्क | ४००० |
| ३ | उद्योग तथा व्यवसाय नविकरण दस्तुर ५ लाख सम्मको | |
| ३.१ | ३५ दिन भित्र नविकरण गरेमा | २०० |
| ३.२ | ३६ दिन देखि ३ मिहना सम्म नविकरण गरेमा | ५०० |
| ३.३ | ३ महिना देखि १ वर्ष ३ मिहिना सम्म नविकरण गरेमा | १००० |
| ३.४ | यदि सो अवधि भन्दा बढि समय सम्म नविकरण नगरेमा प्रति वर्ष थप | १००० |
| ४ | उद्योग तथा व्यवसाय नविकरण दस्तुर ५ लाख देखि १० लाख सम्मको | |
| ४.१ | ३५ दिन भित्र नविकरण गरेमा | ८०० |
| ४.२ | ३६ दिन देखि ३ मिहना सम्म नविकरण गरेमा | २००० |
| ४.३ | ३ महिना देखि १ वर्ष ३ मिहिना सम्म नविकरण गरेमा | ४००० |
| ४.४ | यदि सो अवधि भन्दा बढि समय सम्म नविमकरण नगरेमा प्रति वर्ष थप | ४००० |
| ५ | उद्योग तथा व्यवसायको शाखा दर्ता दस्तुर | दर्ता शुल्कको ५० प्रतिशत |
| ६ | उद्योग तथा व्यवसाय प्रमाणपत्र प्रतिलिपि दस्तुर | ५०० |
| ७ | उद्योग तथा व्यवसाय नामसारी दस्तुर | दर्ता सरहको शुल्क लाग्नेछ |
| ८ | उद्योग तथा व्यवसायको नाम परिवर्तन दस्तुर | दर्ता शुल्कको आधा शुल्क |
| ९ | उद्योग तथा व्यवसाय खारेजी दस्तुर | १०० |
| १० | उद्योग तथा व्यवसाय ठाउँसारी निवेदन दस्तुर | १०० |
| ११ | उद्योग तथा व्यवसायको पूँजीवृद्धि गर्दा लाग्ने शुल्क | |
| ११.१ | पूँजीवृद्धि निवेदन दस्तुर | १०० |
| ११.२ | उद्योग तथा व्यवसाय पूँजीवृद्धि गर्दा ५ लाखको दायरा बाट १० लाखको दायरामा जाने खण्डमा थप | ३००० |